# अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान छनौट कार्यविधि २०८१

सभाबाट पारित मितिः २०८१/०२/२५

**प्रस्तावना**

गंगादेव गाउँपालिका, रोल्पा जिल्लाको गाउँहरुले भरिएको स्थानीय तह हो । यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि हो तर कृषि पेशालाई व्यसायिक तथा प्रतिस्पर्धि बनाउन नसक्दा यो पेशा निर्वाहमुखी मात्र हुन पुगेको छ । गंगादेव गाउँपालिकाले कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने गरेको छ । कृषक तथा कृषि क्षेत्रको प्रोत्साहान गर्न तथा कृषकलाई थप प्रतिस्पर्धी बनाउन अध्यक्ष उत्कृष्ट कृषक सम्मानको व्यवस्था गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम "**अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान छनौट कार्यविधि २०८१**" रहेको छ।

ख. यो कार्यविधि गंगादेव गाउपालिकाभर लागु हुनेछ ।

**२. परिभाषा**

क. "**कृषक**" भन्नाले कृषि पेशालाई प्रमुख पेशा बनाई ५० प्रतिशत भन्दा बढी समय र परिश्रम (मानसिक वा शारिरिक) सो पेशामा लगानी गरेको र पारिवारिक खर्चको कम्तीमा ४० प्रतिशत योगदान कृषि पेशाको आम्दानीबाट हुने गरेको व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्छ ।

ख. "**स्थानीय तह**" भन्नाले गंगादेव गाउपालिकालाई सम्झनु पर्छ ।

ग. "**समिति**" भन्नाले गंगादेव गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिलाई सम्झनु पर्छ ।

घ. "**उत्कृष्ट कृषक**" भन्नाले गंगादेव गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यावसायिक रूपमा कृषि तथा पशुपालन गरेका प्राविधिक रूपमा कृषि व्यवसाय सञ्चालन गरेका आफूले उत्पादन गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि सामाग्री बिक्री गरेका आफ्नो व्यवसायबाट अरू कृषकलाई रोजगार दिएका, स्थानीय स्रोत र साधनलाई बढि प्रयोग गरेका गोठ सुधार गरेका, प्रविधि सम्बन्धी साधारण जानकारी भएका वडादेखि नै छनोट भएर आएका कृषकहरू सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्धेश्यः** यस कार्यक्रमका उद्धेश्यहरु देहाय बमोजिम छन्

क. गाउँपालिका क्षेत्रमा व्यत्तिगत रुपमा दर्ता भएका कृषक, कृषि फर्म तथा कृषक समुहलाई पोत्साहान गर्ने

ख. कृषिमा व्यावसायिकताको अभिवृद्धि गरि उत्पादकत्वमा वृद्धि गर्ने ।ग. यस कार्यक्रमको निरन्तर सञ्चालन मार्फत गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर गराउने

घ. कृषि क्षेत्रमा लगानि मार्फत रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने ।

ङ. किसानहरुको बिचमा थप प्रतिस्पर्धी बनाएर आय आर्जनामा वृद्धि गर्ने ।

## परिच्छेद -२

## कार्यक्रम संचालन विधि

४. उत्कृष्ट कृषक छनौट प्रक्रियाः

क) गंगादेव गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यवसायिक रूपमा उत्कृष्ट कृषकहरू (कृषि तथा पशुपालन ) छनौट गर्नको लागि ७ वटै वडा कार्यालयमा "**वडागत सिफारिस समिति**" को गठन गरी आ-आफ्नो वडा भित्र व्यावसायिक (उत्कृष्ट) रूपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरूले **अनुसूची - १** मा भएका बाली तथा पशुपंक्षी को विवरण तथा अनसूची-२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ । निवेदन पेश गरेका किसानहरुको प्राथमिकता निर्धारण गरी नामावली सिफारिस गरी गाउँपालिकामा पठाउन प्रत्येक वर्षको वैशाख मसान्त भित्र वडा कार्यालयबाट गाउँपालिकामा पठाउन पत्राचार गरिने छ।

ख) "**वडागत सिफारिस समिति**" निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| अ) वडा अध्यक्ष | -संयोजक |
| आ) वडा सदस्य | -सदस्य |
| इ) वडा सचिव | -सदस्य |
| ई) वडा कृषि/पशुसेवा प्राविधिक | -सदस्य सचिव |

इ) वडामा कृषि/पशुसेवा प्राविधिक उपलब्ध नभएको अवस्थामा वडा सचिव सदस्य सचिव रहनेछ ।

ग) वडाबाट सिफारिस भइ आएको कृषकहरूको नामावली माथि गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिद्वारा अन्तिम नामावली प्रकाशन गर्ने छ।

**५. उत्कृष्ट कृषक पुरस्कार छनौट समितिः-** गंगादेव गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनोट समिति निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| अ) गाउँपालिका अध्यक्ष | -संयोजक |
| आ) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| इ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ई) कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक | -सदस्य |

उ) समितिले मनोनयन गरेको सदस्य एक जना -सदस्य

ऊ) गाउँपालिकाको पशुसेवा शाखा प्रमुख -सदस्य

ऋ) गाउँपालिकाको कृषि शाखा प्रमुख -सदस्य सचिव

**६. समितिको काम, कर्तव्य र अधिकारः-**

क) म्याद भित्र वडा बाट आएका सिफारिसलाई मात्र मान्यता दिने ।

ख) वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरू मध्ये बाट **अनुसूची - १** मा भएका बाली तथा पशुपंक्षीलाई आधार मानेर समितिले छनौट गर्ने

ग) वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरूलाई समितिले पुनः अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरूलाई छनौट गर्नुपर्ने ।

घ) कृषि तर्फबाट ६ वटा बाली (फलफूल बाली, खाद्यान्न बाली, तेलहन बाली, तरकारी बाली, च्याउ खेती र मौरी पालन) लाइ छनौट गर्ने र पशुपंक्षी तर्फ पनि ६ वटा (माछा पालन, बाख्रा पालन, बंगुर पालन, गाइ/भैसी पालन, कुखुरा / हासँ पालन र घाँस खेती) गरि एक आ.व. मा ३५ जना कृषकलाई पुरस्कृत गर्नका लागि छनौट गर्ने ।

ङ) एउटै व्यावसायिक कृषकले बाली तथा पशुपंक्षी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाई मात्र समितिले छनौट गर्ने ।

च) छनौट भएका कृषकहरू सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय गंगादेव गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिले तथ्यगत निर्णय गर्नेछ ।

छ) गाउँकार्यपालिकाको बैठकले पारित गरेपछि कार्यक्रम कार्यान्वयन हुनेछ ।

**७. विविधः-**

क) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालनको समन्वय गंगादेव गाउँपालिका कृषि विकास शाखा तथा पशुपंक्षी विकास शाखाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

## परिच्छेद ३

## संशोधन तथा खारेजी

८. यस निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत हुनेछ तथा कुनै संशोधन तथा खारेजी गर्नु पर्ने भएमा कार्यपालिकाको बैठक बाट सिफारीस गरि गाउँ सभाबाट गर्न सकिनेछ ।

अनुसूची-१

| क्र.सं. | विवरण | क्षेत्रफल/संख्या(न्यूनतम) | बालीको नाम | उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूल बाली | ६० बोट फल्ने | | | |
| २ | तरकारी बाली | २ रोपनी | | | |
| ३ | खाद्यान्न बाली | १० रोपनी | | | |
| ४ | तेलहन बाली | ५ रोपनी | | | |
| ५ | मौरीपालन | १५ गोला सहित कम्तिमा ५ आधुनिक घार | | | |
| ६ | च्याउ खेती | २ वटा टनेल | | | |
| ७ | बाख्रा पालन | २० वटा माउ बाख्रा | | | |
| ८ | बंगुर पालन | ५ वटा माउ बंगुर | | | |
| ९ | गाई/भैसी पालन | ५ वटा माउ गाई/भैसी | | | |
| १० | कुखुरा/हाँस पालन | १५० वटा भन्दा बढी | | | |
| ११ | बिउ उत्पादन | १ रोपनी | | | |

*माथि उल्लेखित अनुसूची अनुसार उत्कृष्ट ३५ जना कृषक छनौट गरि सम्मान गरिने छ ।*

# अनुसूची -२

## (निवेदनको ढाँचा)

मितिः- ...............................

श्री वडा अध्यक्ष ज्यू,
गंगादेव गाउँपालिका,
वडा नं........ को कार्यालय,
..................रोल्पा।

विषयः- **उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागी हुन पाउँ ।**

प्रस्तुत विषयमा सम्बन्धमा यस गंगादेव गाउँपालिकाको आ.व. ..................को वार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखाद्वारा सञ्चालन गरिने उत्कृष्ट कृषक सम्मान कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण तथा तपसिलका कागजात फाराम दर्ता गरी दिनु हुन अनुरोध गर्दछु ।

तपसिल

१.
२.
३.
४.
५.

निवेदक
नामः
दस्तखतः
ठेगानाः
मोबाइल नंः